लोक सेवा आयोग

# पोखरा कार्यालय

पार्दी, पोखरा

फोनः- ०६१-४५३१४५, फ्याक्सः- ०६१-४५३५०६, Website: www.psc.gov.np, Email: pokhara@psc.gov.np


## सिनियर अपरेटर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. १७४/०८०-८१, मिति २०८१/०१/२०

लोक सेवा आयोग, पोखरा कार्यालय, पोखराको वि.नं. **१२९५७/२०८०-८१ (खुला), नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक), सिनियर अपरेटर पद**मा **पोखरा परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा देहाय बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ । परीक्षार्थीहरूले अनिर्वाय रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) | वस्तुगत बहुवैकल्पिक (Objective MCQs) | २०८१/०२/११ गते दिनको १:०० बजे | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य- ज्ञान (Job Based- Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य- ज्ञान (Job Based- Knowledge) | विषयगत (Subjective) | २०८१/०२/११ गते दिनको २:३० बजे | २ घण्टा १५ मिनेट |

### परीक्षा भवन

| सि.नं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ४५०००१ | बाँकी सबै | सबै | श्री लोक सेवा आयोग, पोखरा कार्यालय, पार्दी, पोखरा । |

**द्रष्टव्यः-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) परीक्षामा **कालो मसी मात्र प्रयोग** गर्नुपर्नेछ ।

ग) **वस्तुगत बहुवैकल्पिक (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।**

घ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्यालकुलेटर प्रयोग गर्न पाइने छैन ।

ङ) परीक्षा भवनमा मोबाइल तथा विद्युतीय सामाग्री निषेध गरिएको छ ।

च) परीक्षार्थीले अनिवार्य रूपमा आफ्नो प्रवेशपत्र लिई परीक्षा भवनमा जानुपर्नेछ ।

फोनः- ०६१-४५३१४५, फ्याक्सः- ०६१-४५३५०६, Website: www.psc.gov.np, Email: pokhara@psc.gov.np

छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।

ज) परीक्षार्थीले परीक्षामा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

झ) पोखरा परीक्षा केन्द्रराखी दरखास्त दिने उम्मेदवारहरूको नामावली हेर्न यहाँ थिच्नुस ।

**द्रष्टव्यः-२ संक्रमणको विशेष अवस्थामा परीक्षा सञ्चालन (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

क) परीक्षा शुरु हुनु भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ ।साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि माक्स, स्यानिटाइजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ग) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा परीक्षा केन्द्रबाट बाहिरिदा भिडभाड नगरीकन एक आपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुनेगरी भौतिक दुरी कायम गर्नु पर्नेछ ।

घ) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

च) कोभिड-१९ बाट संक्रमित परीक्षार्थीलाई लोक सेवा आयोगकै भवनमा विशेष परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था गरिएको हुँदा संक्रमित परीक्षार्थीले मोबाइल नम्बर ९८५६०८५१४५ वा ९८६२०४७५२० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| ......................... | ............................... | .............................. |
|---|---|---|
| (विकास बस्नेत) | (विष्णु प्रसाद भट्टराई) | (ज्ञानेन्द्र पराजुली) |
| नायब सुब्बा | शाखा अधिकृत | उप-सचिव |